# नेपाल सरकार (कार्य-विभाजन) नियमावली, २०६४

नेपाल राजपत्रमा प्रकाशित मिति

२०६४।१।२४

| | | |
|---|---|---|
| १. | नेपाल सरकार (कार्य-विभाजन) (पहिलो संशोधन) नियमावली, २०६५ | २०६५।५।१३ |
| २. | नेपाल सरकार (कार्य-विभाजन) (दोस्रो संशोधन) नियमावली, २०६६ | २०६६।२।२९ |

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ४३ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल सरकारको कार्य-विभाजनको लागि देहायको नियमावली बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम "नेपाल सरकार (कार्य-विभाजन) नियमावली, २०६४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "मन्त्रालय" भन्नाले नेपाल सरकारका मन्त्रालयलाई सम्झनु पर्छ र सो शब्दले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई जनाउँछ ।

(ख) "मन्त्री" भन्नाले प्रधानमन्त्री, उप-प्रधानमन्त्री र मन्त्रीलाई सम्झनु पर्छ र सो शब्दले स्वतन्त्र रूपमा मन्त्रालयको कार्यभार सम्हाल्ने राज्यमन्त्रीलाई समेत जनाउँछ ।

३. **मन्त्रालयः** नेपाल सरकारका मन्त्रालय अनुसूची-१ मा उल्लेख भएबमोजिम हुनेछन् ।

४. **कार्य-सम्पादनः** नेपाल सरकारको कार्य-सम्पादन नियम ३ मा उल्लेख भएबमोजिमका मन्त्रालयहरुद्वारा हुनेछ ।

५. **कार्य विभाजन:** (१) मन्त्रालयबाट सम्पादन हुने कार्यको विभाजन अनुसूची - २ मा उल्लेख भएका विषय र सोसंग सम्बन्धित विषय हुनेछन् ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै मन्त्रालयको काममा हेरफेर गर्न सक्नेछ ।

नेपाल कानून आयोग

(३) प्रधानमन्त्रीले कुनै मन्त्रीलाई एक वा एकभन्दा बढी मन्त्रालयको कार्यभार सुम्पन सक्नेछ ।

(४) प्रधानमन्त्रीले कुनै मन्त्रालयलाई तोकिएको काममध्ये केही काम आफैंले वा सम्बन्धित मन्त्रीको सिफारिसमा अर्को कुनै मन्त्रीले हेर्ने गरी तोक्नसक्नेछ ।

तर सम्बन्धित मन्त्री नेपालमा नरहेको अवस्थामा त्यस्तो सिफारिस आवश्यक पर्ने छैन ।

६. **मन्त्रीको जिम्मेवारी:** नियम ५ बमोजिम आफूलाई तोकिएको काम सम्पादन गर्ने/गराउने जिम्मेवारी सम्बन्धित मन्त्रीको हुनेछ ।

७. **अनुसूचीमा हेरफेर** :नेपाल सरकार, मन्त्रिपरिषद्ले अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

८. **खारेजी:** नेपाल सरकार (कार्य-विभाजन) नियमावली, २०६३ खारेज गरिएको छ ।

नेपाल कानून आयोग

## अनुसूची -१

(नियम ३ संग सम्बन्धित)

**मन्त्रालयको नाम**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

२. अर्थ मन्त्रालय

[१]२क. ऊर्जा मन्त्रालय

[२]३. उद्योग मन्त्रालय

[३]४. कानून तथा न्याय मन्त्रालय

५. कृषि तथा सहकारी मन्त्रालय

६. गृह मन्त्रालय

७. ................[४]

८. परराष्ट्र मन्त्रालय

[५]८क. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

९. भूमिसुधार तथा व्यवस्था मन्त्रालय

१०. भौतिक योजना तथा निर्माण मन्त्रालय

११. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

[६]११क. युवा तथा खेलकूद मन्त्रालय

१२. रक्षा मन्त्रालय

१३. वन तथा भू-संरक्षण मन्त्रालय

---

[१] दोस्रो संशोधनद्वारा थप ।

[२] पहिलो संशोधनद्वारा संशोधित ।

[३] दोस्रो संशोधनद्वारा संशोधित ।

[४] दोस्रो संशोधनद्वारा झिकिएको ।

[५] पहिलो संशोधनद्वारा थप ।

[६] पहिलो संशोधनद्वारा थप ।

नेपाल कानून आयोग

[7]१३क. वाणिज्य तथा आपूर्ति मन्त्रालय

[8]१४. वातावरण मन्त्रालय

[9]१४क. विज्ञान तथा प्रविधि मन्त्रालय

१५. शान्ति तथा पुनर्निर्माण मन्त्रालय

[10]१६. शिक्षा मन्त्रालय

१७. श्रम तथा यातायात व्यवस्था मन्त्रालय

१८. सामान्य प्रशासन मन्त्रालय

[11]१८क. सिँचाई मन्त्रालय"

१९. सूचना तथा सञ्चार मन्त्रालय

[12]२०. संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय"

२१. स्थानीय विकास मन्त्रालय

२२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।

नेपाल कानून आयोग

---

[7] पहिलो संशोधनद्वारा थप ।

[8] दोस्रो संशोधनद्वारा संशोधित ।

[9] दोस्रो संशोधनद्वारा थप ।

[10] पहिलो संशोधनद्वारा संशोधित ।

[11] दोस्रो संशोधनद्वारा थप ।

[12] दोस्रो संशोधनद्वारा संशोधित ।

## अनुसूची - २

**(नियम ५ संग सम्बन्धित)**

**मन्त्रालयको कार्य-विभाजन**

**१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

१. मन्त्रिपरिषद्को कार्य,

२. नेपाल सरकारको कार्य-विभाजन र मन्त्रालयहरुको गठन, विघटन तथा संगठन संरचना हेरफेर,

३. नेपाल सरकारको कार्य-सम्पादन नियमावली,

४. विभिन्न मन्त्रालयको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, सुपरिवेक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कन,

५. मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन तथा सोको अनुगमन,

६. विधेयक, अध्यादेश, नियम तथा आदेशको तर्जुमा, स्वीकृति तथा जारी,

७. नेपाल सरकारको अल्पकालीन तथा दीर्घकालीन नीति एवं रणनीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

८. देशको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी लिने,

९. अत्यावश्यक उपभोग्य वस्तुहरुको नियमित र सन्तुलित आपूर्तिको व्यवस्था गर्न लगाउने,

१०. केन्द्रीयस्तरमा व्यवस्थापन सूचना प्रणालीको विकास र प्रभावकारिता,

११. शासकीय सुधार,

१२. द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयनमा प्रभावकारिता ल्याउने,

१३. राजदरबार,

१४. मानव अधिकार प्रवर्द्धन,

१५. प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन,



नेपाल कानून आयोग

१६. संवैधानिक परिषद्,

१७. अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

१८. राष्ट्रिय मानव अधिकार आयोग,

१९. राष्ट्रिय योजना आयोग,

२०. राष्ट्रिय सतर्कता केन्द्र,

२१. गरिबी निवारण कोष,

२२. राज्यको पुनर्संरचना,

२३. सुशोभन समारोह,

२४. प्रधानमन्त्री दैवी प्रकोप सहायता कोष सञ्चालन,

२५. प्रधानमन्त्रीको बाह्य एवं आन्तरिक जनसम्पर्क तथा सञ्चार,

२६. प्रचलित कानून बमोजिम प्रमाणीकरण गर्नु पर्ने लिखत,

२७. प्रधानमन्त्री र मन्त्रिपरिषद् सम्बन्धी अन्य कार्यहरु ।

**२. अर्थ मन्त्रालय**

१. आर्थिक एवं राजस्व नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन अनुगमन र मूल्याङ्कन,

२. आर्थिक विश्लेषण, आर्थिक प्रशासन र नियन्त्रण,

३. आर्थिक साधनहरुको बाँडफाँड,

४. मुद्रा, मौद्रिक नीति निर्धारण र कार्यान्वयन,

५. नेपाल राष्ट्र बैंक, बैंकिङ्ग, वित्तीय संस्था तथा बीमा,

६. आय-व्यय विवरण (बजेट),

७. राजस्व प्रशासन एवं राजस्व संकलन,

८. राजस्व अनुसन्धान,

९. सामान्य मूल्य नीति,

नेपाल कानून आयोग

१०. सामाजिक तथा आर्थिक विकासको लागि अन्तर्राष्ट्रिय सम्पर्क र समन्वय,

११. आर्थिक, बैंकिङ्ग तथा मुद्रा विषयक अन्तर्राष्ट्रिय सम्मेलन,

१२. वैदेशिक ऋण, अनुदान तथा अन्य द्विपक्षीय एवं बहुपक्षीय सहायता,

१३. विदेशी मुद्रा विनिमय तथा नियन्त्रण,

१४. सार्वजनिक ऋण तथा नियन्त्रण,

१५. तलब, भत्ता, दैनिक तथा भ्रमण भत्ता, निवृत्तभरण, उपदान आदि,

१६. सरकारी स्वामित्वमा रहेका संस्थानको तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण,

१७. विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एशियाली विकास बैंक, अन्तर्राष्ट्रिय विकास संस्था तथा अन्य अन्तर्राष्ट्रिय वित्तीय संस्था,

१८. सरकारी कोषको व्यवस्थापन, सञ्चालन तथा प्रशासन,

१९. लेखा नियन्त्रण,

२०. महालेखा परीक्षक,

२१. सार्वजनिक प्रतिष्ठानको निजीकरण,

२२. कर्मचारी सञ्चय कोष,

२३. नागरिक लगानी कोष,

२४. अवकाश कोष,

२५. सार्वजनिक संस्थानको प्रशासन, नीति निर्माण, समन्वय,

२६. राजस्व र आर्थिक प्रशासन तालिम,

२७. पूँजी बजार,

२८. सार्वजनिक लगानी ।

नेपाल कानून आयोग

**[१३]२क. ऊर्जा मन्त्रालय**

१ ऊर्जा उत्पादन, व्यवस्थापन, उपयोग, सुरक्षा, प्रवर्द्धन एवं विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२ विद्युत्को उपयोगसम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण तथा कार्यान्वयन,

३ विद्युत्सम्बन्धी बहुउद्देश्यीय योजनाहरूको समन्वय, निर्माण, सञ्चालन तथा प्रवर्द्धन,

४ ऊर्जा तथा विद्युत सम्बन्धी जनशक्तिको विकास,

५ ऊर्जा विकास तथा विद्युत विकाससम्बन्धी अध्ययन, अनुसन्धान, आयोजनाको सम्भाव्यता अध्ययन, निर्माण, सञ्चालन, सम्भार र विकास,

६ ऊर्जा र विद्युतसम्बन्धी संस्था, कम्पनी एवं संस्थाको समन्वय र प्रशासन,

७ विद्युत विकासमा निजी क्षेत्रको लगानी प्रवर्द्धन,

८ ऊर्जा र विद्युतको उपयोगसम्बन्धी राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय कार्यशाला, गोष्ठी तथा सम्पर्क,

९ ऊर्जा र विद्युतको उपयोगसम्बन्धी द्विपक्षीय वा बहुपक्षीय संयन्त्रको संयोजन, वार्ता, सन्धि सम्झौता,

१० विद्युत् क्षेत्रको नियमन, विद्युतको रोयल्टी तथा महसूल दरको निर्धारण र प्रशासन,

११ नेपाल विद्युत् प्राधिकरण तथा विद्युत् क्षेत्रसँग सम्बन्धित निकायहरूसंग समन्वय,

१२ अन्य मन्त्रालयको कार्यक्षेत्रमा नपरेको जल तथा त्यसको उपयोग र ऊर्जासम्बन्धी कार्य,

१३ नेपाल इञ्जिनियरिङ्ग सेवाअन्तर्गत देहायका समूह, उपसमूहको सेवा सञ्चालनसम्बन्धीः-

(क) इलेक्ट्रिकल इञ्जिनियरिङ्ग समूह,

(ख) मेकानिकल इञ्जिनियरिङ्ग समूह,

(ग) हाइड्रो पावर उपसमूह, र

नेपाल कानून आयोग

---

[१३] दोस्रो संशोधनद्वारा थप ।

(घ) हाइड्रोलोजी उपसमूह ।”

**[१४]३. उद्योग मन्त्रालय**

१. उद्योग तथा औद्योगिक विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२. खानी तथा खनिज पदार्थ अन्वेषण सम्बन्धी नीति, योजना तथा कार्यान्वयन,

३. खानी तथा खनिज विकास विषयक अध्ययन, तालिम, अन्वेषण तथा सर्वेक्षण,

४. औद्योगिक विकास,

५. औद्योगिक क्षेत्रहरु तथा औद्योगिक संघ-संस्थाहरु,

६. औद्योगिक नियोगहरु,

७. संयुक्त राष्ट्रसंघीय औद्योगिक विकास संगठन तथा अन्य अन्तर्राष्ट्रिय औद्योगिक संगठन,

८. वैदेशिक लगानी प्रवर्द्धन,

९. औद्योगिक लगानी प्रवर्द्धन,

१०. घरेलु तथा ग्रामीण सीप र उद्योगको संरक्षण तथा प्रवर्द्धन,

११. नाप, तौल र गुणस्तर निर्धारण तथा प्रवर्द्धन,

१२. उद्योग सम्बन्धी सार्वजनिक प्रतिष्ठान

१३. उत्पादकत्व वृद्धि विषयक नीति तथा कार्यक्रम

१४. औद्योगिक प्रविधि विकास र प्रविधि हस्तान्तरण,

१५. औद्योगिक जनशक्तिको विकास तथा तालिम, अन्वेषण तथा सर्वेक्षण

१६. औद्योगिक प्रवर्द्धन र संरक्षण

१७. कम्पनी प्रशासन,

१८. औद्योगिक सम्पत्ति र प्रशासन

१९. संगठित संस्थाको दामासाही प्रशासन,

नेपाल कानून आयोग

[१४] पहिलो संशोधनद्वारा संशोधित ।

२०. विशेष आर्थिक क्षेत्र,

२१. नेपाल इञ्जिनियरिङ्ग सेवा अन्तर्गतका माइनिङ्ग, जियोलोजी, केमेष्ट्री, केमिकल, मेटालर्जिकल र मेट्रोलोजी समूहको सेवा सञ्चालन ।"

[१५]४. **कानून तथा न्याय मन्त्रालयकाकामहरु**

१ ऐन, अध्यादेश, नियम र आदेशको तर्जुमा,

२ नेपाल कानून, अन्तर्राष्ट्रिय कानून, न्यायप्रणाली र न्याय प्रशासनको अनुसन्धान, पुनरावलोकन, सुधार,

३ नेपाल राजपत्रमा प्रकाशन हुने सूचनाहरूको सम्पादन,

४ कानूनीराय तथा परामर्श,

५ अन्तर्राष्ट्रिय करार तथा अन्य लिखतको मस्यौदा र सोसम्बन्धी परामर्श,

६ सरकारी मुद्दा फिर्ता लिने, मिलापत्र गर्ने वा नेपाल सरकारलाई सरोकार पर्ने मुद्दाको प्रतिरक्षा,

७ देहायका विषयमा प्रदान गरिने कानूनी राय:-

(क) द्विपक्षीय वा बहुपक्षीय सन्धि, सम्झौताको अनुमोदन, हस्ताक्षर, सम्मिलन वा स्वीकृति वा समर्थन,

(ख) अन्तर्राष्ट्रिय वा अन्तरसरकारी संस्थाको सदस्यता प्राप्ति,

(ग) अन्तर्राष्ट्रिय कानूनी दायित्व,

(घ) अन्तर्राष्ट्रिय सम्मेलन वा वार्ताहरूमा अन्तर्राष्ट्रिय कानूनको विषयमा अपनाउनु पर्ने दृष्टिकोण ।

८. नोटरी पब्लिक तथा नोटरी पब्लिक परिषद्,

९ अन्तर्राष्ट्रिय कानूनी विवाद,

१० अन्तर्राष्ट्रिय कानूनसम्बन्धी संस्था र सम्मेलनहरू तथा अन्तर्राष्ट्रिय संस्था र सम्मेलनहरूको कानूनी पक्ष तथा कानून विषयक गोष्ठी, तालिम आदि,

११ नेपाल सरकारलाई आवश्यक पर्ने कानून तथा कानूनी लिखत र सन्धिको अनुवाद,

१५ दोस्रो संशोधनद्वारा संशोधित ।

नेपाल कानून आयोग

१२ कानूनको एकीकरण तथा संहिताकरण,

१३ सन्धि, सम्झौताहरूको प्रकाशन,

१४ न्याय सेवा आयोग,

१५ न्याय परिषद्,

१६ सर्वोच्च अदालत र अन्तर्गतका अदालतसम्बन्धी काम, न्याय प्रशासन, मुद्दा र अदालती लगत तथा सरकारी मुद्दाको अभिलेख,

१७ संविधान सभा अदालत,

१८ महान्यायाधिवक्ताको कार्यालय,

१९ राजस्व न्यायाधीकरण,

२० विशेष अदालत, प्रशासकीय अदालत, श्रम अदालत तथा यस्तै प्रकृतिका अन्य अदालत तथा न्यायाधीकरण,

२१ न्यायिक जाँचबुझ आयोग,

२२ नेपाल कानून आयोग,

२३ नेपाल कानून व्यवसायी परिषद्,

२४ राष्ट्रिय न्यायिक प्रतिष्ठान,

२५ निःशुल्क कानूनी सहायता,

२६ कानून किताबको व्यवस्था तथा प्रकाशन,

२७ विवाद समाधानका वैकल्पिक उपाय,

२८ कानून तथा न्यायसँग सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थासँग सम्पर्क, सहयोग र समन्वय,

२९ नेपाल न्याय सेवाको सेवा सञ्चालन ।"

**५. कृषि तथा सहकारी मन्त्रालय**

१. कृषि तथा कृषि उत्पादन सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

नेपाल कानून आयोग

२. खाद्यान्न, दलहन, तेलहन, कपास, जुट, उखु, सुर्ती लगायतका नगदे बाली, औद्योगिक बाली, तरकारी तथा फलफूल खेतीको प्रवर्द्धन, विकास तथा सुधार,

३. कृषि रसायन तथा माटो सम्बन्धी अनुसन्धान र ज्ञानको उपयोग,

४. कृषि इञ्जिनियरिङ्ग र उन्नत कृषि औजार,

५. कृषि फार्महरु र कृषि केन्द्रहरु,

६. बाली संरक्षण अनुसन्धान तथा सर्वेक्षण,

७. कृषि प्रचार प्रसार तथा युवा कृषक कार्यक्रम,

८. कृषि नर्सरी तथा बीउ बिजनको विकास,

९. पशुपक्षी पालन तथा यसको विकास, नश्ल सुधार, दाना र चरन विकास,

१०. पशु चिकित्सा र औषधि उत्पादन,

११. दुग्ध तथा दूधबाट बनेको वस्तुहरुको विकास,

१२. मत्स्यपालन तथा जलचर

१३. माहुरी पालन तथा रेशम खेती,

१४. कृषिको व्यवसायीकरण,

१५. कृषिजन्य वस्तुहरुको बजार व्यवस्थापन, विस्तार तथा मूल्य,

१६. कृषि सामग्री तथा कृषि प्रविधि विकास,

१७. कम्पोष्ट मल तथा रासायनिक मल,

१८. सहकारी विकास सम्बन्धी नीति, योजना र कार्यान्वयन,

१९. सहकारी संघ-संस्थाहरु,

२०. संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन, कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष तथा अन्तर्राष्ट्रिय कृषि तथा सहकारी संस्थाहरु,

२१. खाद्य अनुसन्धान,

२२. पशु तथा प्लान्ट क्वारेन्टाइन,

नेपाल कानून आयोग

२३. च्याउ खेती तथा अन्य विशेष बालीहरुको विकास,

२४. कृषि क्षेत्रको बीउ, बिजन, विरुवा, पशुपन्छी, माछा आदिको जात, नश्लको गुणस्तर निर्धारण, प्रमाणीकरण र नियमन,

२५. कृषि क्षेत्रसंग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान, सर्वेक्षण एवं तालिम,

२६. नेपाल कृषि सेवाको सेवा सञ्चालन ।

**६. गृह मन्त्रालय**

१. आन्तरिक सुरक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२. शान्ति, सुव्यवस्था तथा कानून र व्यवस्था,

३. नेपाल प्रहरी,

४. सशस्त्र प्रहरी बल,

५. कारागार व्यवस्थापन,

६. राष्ट्रिय अनुसन्धान विभाग,

७. हातहतियार र खरखजानाको इजाजत,

८. विस्फोटक पदार्थ नियन्त्रण,

९. विदेशी नागरिकको नियमन तथा नियन्त्रण,

१०. सवारी नियन्त्रण तथा उपत्यकामा रहेका सरकारी सवारी साधन,

११. संघ, संस्था प्रशासन,

१२. स्थानीय प्रशासन,

१३. नागरिकता,

१४. जनमत संग्रह,

१५. आप्रवासन तथा प्रवासन,

१६. तीर्थस्थान र तीर्थयात्रीहरु,

१७. कल्याण धन र बेबारिसी धन,

नेपाल कानून आयोग

१८. चिट्ठा, जुवा आदिको नियन्त्रण,

१९. सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ र सार्वजनिक अपराध आदिको नियन्त्रण,

२०. दैवीप्रकोप व्यवस्थापन,

२१. सार्वजनिक बिदाको घोषणा, उर्दी र सार्वजनिक उत्सव आदि,

२२. सार्वजनिक चन्दा संकलन व्यवस्थापन,

२३. अध्यागमन,

२४. सजायको माफी, मिनाहा, परिवर्तन तथा कम गर्ने विषय,

२५. विभूषण,

२६. शरणार्थी,

२७. अञ्चल र जिल्लाको सदरमुकाम तथा सिमाना,

२८. काठमाडौं उपत्यकामा वारुण यन्त्र व्यवस्थापन,

२९. लागू औषध नियन्त्रण र प्रशासन,

३०. अन्तर्राष्ट्रिय सीमा, सीमास्तम्भको सुरक्षा र सीमा प्रशासन,

३१. गृह प्रशासन विषयक राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलन,

३२. निर्वाचन आयोग,

३३. संगठित अपराध नियन्त्रण,

३४. बारुदी सुरुको निवारण,

३५. धार्मिक विषय,

३६. सुपुर्दगी,

३७. प्रहरी किताबखाना,

३८. प्रहरी कल्याण,

३९. अरु कुनै मन्त्रालयको लागि किटानीसाथ नतोकिएको नेपाल सरकारको कुनै काम ।

नेपाल कानून आयोग

७. ………………….[१६]

नेपाल कानून आयोग

[१६] दोस्रो संशोधनद्वारा झिकिएको ।

**८. परराष्ट्र मन्त्रालय**

१. नेपालको परराष्ट्र नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२. विदेशी राष्ट्रहरुसंगको सम्बन्ध,

३. नेपालस्थित विदेशी नियोगहरु,

४. विदेशमा नेपालको प्रतिनिधित्व,

५. विदेशमा नेपाल सम्बन्धी प्रचार प्रसार,

६. संयुक्त राष्ट्रसंघ, क्षेत्रीय सहयोगका लागि दक्षिण एशियाली संगठन तथा अन्य अन्तर्राष्ट्रिय वा क्षेत्रीय संस्थाहरु,

७. राहदानी (पासपोर्ट) तथा विदेशमा दिने भिसा,

८. अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिने,

९. अतिथि सत्कार,

१०. शिष्टाचार (प्रोटोकल),

११. नेपाल एवं अरु देशका नागरिकहरुको आ-आफ्नो सरकारबाट व्यक्तिमाथिको दावा,

१२. कूटनैतिक संरक्षण,

१३. विदेशमा रहेका नेपाली नागरिकहरुको अभिलेख तथा तिनीहरुको हक, हित र संरक्षण,

१४. आर्थिक कूटनीति,

१५. अन्तर्राष्ट्रिय तहमा जनस्तरीय एवं गैरसरकारी संस्थास्तरीय विकास र प्रवर्द्धन,

१६. कूटनैतिक उन्मुक्ति,

[१७]१६क. गैर अवासीय नेपाली,

१७. वाणिज्यदूत सम्बन्धी अभ्यास (कन्सुलर प्राक्टिस)

---

[१७] खण्ड ५७ अतिरिक्ताङ्क १२ (ख) मिति २०६४।३।७ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचनाबाट थपिएको।



नेपाल कानून आयोग

[१८]१८ नेपाल परराष्ट्र सेवाको सेवा सञ्चालन ।

**[१९]८क. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

१. पर्यटन तथा हवाई यातायात विकास सम्बन्धी नीति, योजना र कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२. पर्यटन तथा हवाई उद्योगको प्रवर्द्धन एवं संरक्षण,

३. ट्राभल र ट्रेकिङ एजेन्सी,

४. पर्यटन तथा नागरिक उड्डयन क्षेत्रसँग सम्बन्धित तालिमको नीति निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

५. विश्व पर्यटन संगठन लगायत पर्यटन तथा हवाई यातायात सम्बद्ध अन्तर्राष्ट्रिय संस्थाहरु,

६. पर्वतारोहण र अन्य साहसिक पर्यटन क्रियाकलाप,

७. पर्यटनसंग सम्बद्ध संघ, संगठन, संस्थान र समितिहरु,

८. विमानस्थलको निर्माण, मर्मत, सम्भार, व्यवस्थापन,

९. हवाई यातायात तथा परिवहनको सञ्चालन तथा व्यवस्था,

१०. हवाई यातायात सम्बद्ध संस्थान, प्राधिकरण तथा संगठनहरु,

११. संयुक्त राष्ट्र संघीय अन्तर्राष्ट्रिय नागरिक उड्डयन संघ तथा नागरिक उड्डयनसँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय वा क्षेत्रीय संस्थासितको सम्पर्क, सहयोग र समन्वय,

१२. नेपाल इन्जिनियरिङ्ग सेवा अन्तर्गत देहायका समूह, उपसमूहको सेवा सञ्चालन :-

(क) एरोनटिकल इन्जिनियरिङ्ग समूह,

(ख) इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेसन इन्जिनियरिङ्ग समूह,

(ग) सिभिल एभिएसन अपरेसन तथा इन्जिनियरिङ्ग समूह ।”

**९. भूमिसुधार तथा व्यवस्था मन्त्रालय**

---

[१८] दोस्रो संशोधनद्वारा थप ।

[१९] पहिलो संशोधनद्वारा थप ।



नेपाल कानून आयोग

१. भूमिसुधार तथा व्यवस्था सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२. मालपोत र रजिष्ट्रेसन,

३. जग्गा दर्ता तथा जग्गा प्रशासन,

४. सरकारी जग्गा वा सार्वजनिक जग्गाको संरक्षण,

५. भूमि सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन,

६. अन्तर्राष्ट्रिय सीमा र सीमास्तम्भको हेरचाह र सम्भार,

७. जग्गा नाप जांच सम्बन्धी प्रशासन तथा तालिम,

८. अनिवार्य बचत योजना, ऋण वितरण र ऋण असुली तथा वितरण,

९. जियोडेटिकल नापी, टोपोग्राफिक नक्सा तयारी र हवाई सर्वेक्षण,

१०. गुठी संस्थान र सार्वजनिक गुठी अन्तर्गतको जग्गा व्यवस्थापन,

११. सुकुम्बासी समस्या,

१२. मुक्त कमैया व्यवस्थापन,

१३. नेपाल इञ्जिनियरिङ्ग सेवाको नापी समूहको सेवा सञ्चालन ।

**१०. भौतिक योजना तथा निर्माण मन्त्रालय**

१. भौतिक पूर्वाधारको विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२. आवास नीति, योजना र कार्यान्वयन,

३. सरकारी भवनको निर्माण तथा मर्मत सम्भार,

४. सरकारी भवनको रेखदेख र सुरक्षा,

५. भवन एवं अन्य निर्माण सामग्रीहरुको प्रविधि, अनुसन्धान तथा विकासका मापदण्डहरुको तयारी तथा कार्यान्वयन,

६. शहरीकरण वा नगर विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरु तयार गरी कार्यान्वयन गर्ने गराउने,

नेपाल कानून आयोग

७. बसोबास र बस्ती विकास,

८. खानेपानी र ढल निकास,

९. केन्द्रीय सचिवालयको भवन व्यवस्थापन,

१०. मन्त्रिपरिषद्का सदस्य, संवैधानिक अङ्गका प्रमुख आदिको आवास व्यवस्था,

११. नगर विकास समितिहरु तथा सरकारी क्षेत्रका आवास निर्माण सम्बन्धी संस्थाहरुको रेखदेख,

१२. आवास निर्माण सम्बन्धी गैरसरकारी क्षेत्रका संस्थाहरुको प्रवर्द्धन तथा विकास,

१३. आवास तथा भौतिक योजना क्षेत्रहरुका अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ-संस्थाहरुसंग सम्पर्क र सहयोग,

१४. स्थल-मार्ग, जल-मार्ग तथा रज्जु-मार्गको निर्माण तथा विकास सम्बन्धी नीति र योजनाको कार्यान्वयन,

१५. सडक (घोडेटो बाटो बाहेक) तथा पुल (झोलुङ्गे पुल बाहेक) निर्माण, मर्मत, सम्भार एवं संरक्षण,

१६. विभिन्न स्थल-मार्ग, जल-मार्ग तथा रज्जु-मार्गको निर्माण,

१७. इञ्जिनियरिङ्ग परिषद् तथा इञ्जिनियरिङ्ग परामर्श सेवा (कन्सल्टेन्सी) र सो सम्बन्धी संस्थाहरु,

१८. स्थल-मार्ग तथा रज्जु-मार्गको निर्माणसंग सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरुसंगको सम्पर्क,

१९. स्टोर्मवाटर ड्रेनेज (पानी ढल) कार्य,

२०. अञ्चल र जिल्लास्थित सरकारी भवनहरुको रेखदेख र सुरक्षा,

२१. नेपाल इन्जिनियरिङ्ग सेवाको ट्रान्सपोर्टेशन उपसमूह, जनरल विल्डिङ एण्ड आर्किटेक्ट तथा स्यानिटरी उपसमूहको सेवा सञ्चालन ।

**११. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय**

१. महिला, बालबालिका, समाजकल्याण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,



नेपाल कानून आयोग

२. महिला, बालबालिका, समाजकल्याण सम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण, तालिम र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, कार्यशाला र सम्मेलनहरु,

३. महिला, बालबालिका, समाजकल्याण सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय, क्षेत्रीय संघ-संस्थाहरुसंग सम्पर्क र समन्वय,

४. अनाथ बालबालिका, असहाय, महिला, वृद्ध, वृद्धा, अपाङ्ग र अशक्तहरुको संरक्षण,

५. बालबालिकाको कल्याण,

६. महिलाकल्याण तथा सीप विकास,

७. समाजकल्याण परिषद्,

८. समाजकल्याण केन्द्रहरु,

९. बाल मन्दिरहरु,

१०. जेष्ठ नागरिकको सुरक्षा र कल्याण,

११. वृद्धाश्रम,

१२. युवालयहरुको सञ्चालन र युवालय सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्पर्क र समन्वय,

१३. राष्ट्रिय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको समन्वय तथा परिचालन,

१४. सरकारी तथा गैरसरकारी संघ-संस्थाहरुद्वारा कार्यान्वयन गरिएका महिला, बालबालिका, समाजकल्याण सम्बन्धी कार्यक्रम,

१५. धर्मपुत्र र धर्मपुत्री,

१६. राष्ट्रिय महिला आयोग ।

[२०]**११क. युवा तथा खेलकूद मन्त्रालय**

१. युवा तथा खेलकूद सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२. युवा परिचालन तथा राष्ट्रिय युवा विकास,

[२०] पहिलो संशोधनद्वारा थप ।

नेपाल कानून आयोग

३. युवा तथा खेलकूद सम्बन्धी विषयको अध्ययन, अनुसन्धान, सर्वेक्षण,

४. युवा जनशक्तिको प्रशिक्षण र तालीम,

५. युवा तथा खेलकूद सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध तथा प्रतिनिधित्व,

६. नेपाल स्काउट,

७. खेलकूद सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रम,

८. राष्ट्रिय खेलकूद परिषद् तथा खेलकूद सम्बन्धी अन्य राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्था,

९. युवा जागरण तथा विकास सम्बन्धी कार्यक्रम,

१०. युवा तथा खेलकूद सम्बन्धी विषयमा सरकारी तथा गैरसरकारी संघ-संस्थाहरुको परिचालन तथा क्षमता विकास ।"

**१२. रक्षा मन्त्रालय**

१. राष्ट्रिय सुरक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२. नेपाली सेनाको गठन, लोकतान्त्रिकीकरण, पुनर्संरचना, परिचालन, व्यवस्थापन र नियन्त्रण,

३. सैनिक अधिकृत तथा जवानहरुको अनुशासन र सेवा शर्त,

४. सैनिक तालिम,

५. सेनाको सुविधा,

६. सैनिक हातहतियार र सामग्रीको खरीद र उत्पादन,

७. सैनिक कारबाही र सेनाको गतिविधि आदि,

८. सैनिक निर्माणशाला,

९. सैनिक प्रतिष्ठापन (इन्स्टलेसन) र सञ्चार तथा यातायात,

१०. सैनिक भण्डार,

११. सिलखाना,

नेपाल कानून आयोग

१२. सैनिक गुप्तचर विभाग,

१३. सैनिक अस्पतालहरु,

१४. सैनिक ब्यारेक तथा कार्यालयहरुको व्यवस्था,

१५. विकास कार्य र दैवीप्रकोप उद्धार कार्यमा सहयोग,

१६. राष्ट्रिय सेवा दलको संगठन, तालिम र प्रशासन,

१७. सैनिकहरुको कल्याण,

१८. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा महत्वपूर्ण राष्ट्रिय सम्पदा, स्मारकहरुको सुरक्षा,

१९. नेपाली सैनिक विमान सेवा,

२०. सैनिक कल्याणकारी योजना,

२१. राष्ट्रिय सुरक्षा परिषद् ।

**१३. वन तथा भू-संरक्षण मन्त्रालय**

१. वन तथा भू-संरक्षण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

२. सरकारी वन, धार्मिक वन, सामुदायिक वन, कबुलियती वन, निजी वन आदि,

३. सरकारी र गैरसरकारी वन क्षेत्रको सर्वेक्षण, नाप नक्सा र सीमा निर्धारण,

४. भू-उपयोग, वन, जंगलको उपयोग, संरक्षण तथा संवर्द्धन,

५. वन पैदावार विकास,

६. वनजन्य उद्योग र वनजन्य कच्चा पदार्थहरुको प्रबन्ध तथा खोटो उद्योग,

७. वन सम्बन्धी अनुसन्धान तथा वृक्षरोपण र सोको संरक्षण एवं व्यवस्थापन,

८. वन्यजन्तु तथा पशुपंक्षीको संरक्षण र सदुपयोग,

९. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र शिकार क्षेत्र,

१०. हात्तीसार, चिडियाखाना,

नेपाल कानून आयोग

११. भू-तथा जलाधार क्षेत्र संरक्षण, संवर्द्धन, विकास र समन्वय,

१२. प्राकृतिक वातावरणको संरक्षण र सन्तुलन,

१३. वनस्पति र जडीबुटी सम्बन्धी नीति तथा वनस्पती र जडीबुटीको अनुसन्धान, सर्वेक्षण, संकलन, प्रवर्द्धन, प्रशोधन, उत्पादन र उपयोग,

१४. वनस्पति उद्यान, जडीबुटी उद्योग,

१५. वनस्पति संग्रहालय (हर्वेरियम),

१६. वन, वनस्पति, वन्यजन्तु, जलाधार संरक्षण र भू-संरक्षण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम, सम्मेलन, गोष्ठी र प्रदर्शनीहरु तथा प्रचार-प्रसार,

१७. वन, वनस्पति, वन्यजन्तु, जलाधार संरक्षण र भू-संरक्षण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुसंग सम्पर्क,

१८. प्रकृति संरक्षण,

१९. नेपाल वन सेवा सञ्चालन ।

[२१]**१३क. वाणिज्य तथा आपूर्ति मन्त्रालय**

१. वाणिज्य, व्यापार सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

२. आपूर्ति सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

३. आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार विषयक अध्ययन, अनुसन्धान तथा सर्वेक्षण,

४. अत्यावश्यक वस्तुको नियमन तथा आपूर्ति,

५. निकासी प्रवर्द्धन,

६. निकासी तथा पैठारी सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

७. व्यापार उदारिकरण,

---

[२१] पहिलो संशोधनद्वारा थप ।

नेपाल कानून आयोग

८. सरकारी तथा सार्वजनिक व्यापारको संचालन,

९. वाणिज्य र व्यापार र पारवहन सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, गोष्ठी तथा तत्सम्बन्धी अन्तर्राष्ट्रिय संस्थासंगको सम्पर्क र प्रतिनिधित्व,

१०. विश्व व्यापार संघ,

११. पारवहन तथा गोदाम, अन्तर्राष्ट्रिय परिवहन व्यवस्था,

१२. वस्तुको वहुविधिक ढुवानी,

१३. खाद्य तथा अन्य उपभोग्य र अत्यावश्यक वस्तु सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

१४. निर्माण सामग्रीहरुको नियमन तथा आपूर्ति तथा पैठारी,

१५. पेट्रोलियम पदार्थको पैठारी, आपूर्ति र नियमन,

१६. उपभोक्ताको हक, हित र अधिकारको संरक्षण,

१७. बजार संरक्षण तथा प्रतिस्पर्धा प्रवर्द्धन ।"

**[२२]१४. वातावरण मन्त्रालय**

१ वातावरण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२ वातावरण विषयक अध्ययन तथा अनुसन्धान, सर्वेक्षण, तालिम र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन आदि,

३ वातावरण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँग सम्पर्क, समन्वय,

४ प्रदूषण नियन्त्रण, वातावरण संरक्षण र सन्तुलन,

५ वातावरण विषयक प्रकाशन एवं प्रचार-प्रसार आदि,

६ सरकारी तथा गैरसरकारी संघ-संस्थाहरुद्वारा कार्यान्वयन गरिएका वातावरण सम्बन्धी कार्यक्रमहरुको मूल्याङ्कन र समीक्षा,

७ वातावरण सम्बन्धी जनशक्तिको विकास र उपयोग,

---

[२२] दोस्रो संशोधनद्वारा संशोधित ।

नेपाल कानून आयोग

८ वैकल्पिक ऊर्जा विकास,

९ वातावरण सम्बद्ध विश्वविद्यालयहरुसँग सम्पर्क र समन्वय,

१० जल तथा मौसम विज्ञान विषयक अध्ययन, अनुसन्धान र भविष्यवाणी,

**[२३]१४क. विज्ञान तथा प्रविधि मन्त्रालय**

१ विज्ञान तथा प्रविधि सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२ विज्ञान तथा प्रविधि सम्बन्धी अध्ययन तथा अनुसन्धान, सर्वेक्षण, तालिम र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन आदि,

३ विज्ञान तथा प्रविधि सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँग सम्पर्क, समन्वय,

४ सरकारी तथा गैरसरकारी संघ-संस्थाहरुद्वारा कार्यान्वयन गरिएका विज्ञान तथा प्रविधि सम्बन्धी कार्यक्रमहरुको मूल्याङ्कन र समीक्षा,

५ विज्ञान तथा प्रविधि सम्बन्धी जनशक्तिको विकास र उपयोग,

६ विज्ञान तथा प्रविधिको विकास तथा विस्तारका कार्यक्रमहरु,

७ विज्ञान तथा प्रविधिको क्षेत्रमा भएका प्रगतिहरुको अन्वेषण र अनुसन्धान,

७ विज्ञान तथा प्रविधि सम्बद्ध विश्वविद्यालयहरुसँग सम्पर्क र समन्वय,

८ विज्ञान तथा प्रविधिसँग सम्बन्धित सामग्रीहरुको उत्पादन, आपूर्ति र व्यवस्थापन,

९ अत्याधुनिक प्रविधि विषयक तथ्याङ्क संकलन, प्रशोधन र सर्वेक्षण,

१० विज्ञान एवं प्रविधि विषयक द्विपक्षीय र बहुपक्षीय सम्झौता एवं समझदारी पत्रहरु,

११ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान,

१२ विज्ञान तथा प्रविधि परिषद्,

१३ राष्ट्रिय विधि विज्ञान प्रयोगशाला,

१४ प्लानेटोरियम, वेधशाला र विज्ञान संग्रहालय ।

**१५. शान्ति तथा पुनर्निर्माण मन्त्रालय**

---

[२३] दोस्रो संशोधनद्वारा थप ।

नेपाल कानून आयोग

१. शान्ति स्थापना, द्वन्द्व व्यवस्थापन, विकास र द्वन्द्वबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माणका लागि तत्कालीन र दीर्घकालीन नीति, रणनीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

२. द्वन्द्वपीडित क्षेत्रको सामाजिक तथा आर्थिक विकासको नीति, रणनीति तथा कार्यक्रम,

३. विस्तृत शान्ति सम्झौता लगायतका अन्य सम्झौता, सहमति र निर्णयको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

४. दिगो शान्ति कायम गर्न आवश्यक संस्थागत, प्रक्रियागत तथा प्राविधिक विषय,

५. शान्ति स्थापना तथा द्वन्द्व व्यवस्थापन सम्बन्धी अध्ययन, विश्लेषण तथा अनुभवहरुको आदान-प्रदान,

६. द्वन्द्वका कारणबाट पीडित तथा विस्थापित व्यक्तिहरुको राहत पुनःस्थापन,

७. द्वन्द्व-संवेदनशील प्रणाली (कन्फिलक्ट सेन्सिटिभिटी एप्रोच) बारे अध्ययन तथा अनुसन्धान,

८. शान्ति स्थापना एवं द्वन्द्वको व्यवस्थापन सम्बन्धी सूचना, अध्ययन सामग्री एवं अध्ययन प्रतिवेदनहरुको अभिलेख केन्द्र (डिपोजिटरी सेन्टर तथा डकुमेन्टेशन सेन्टर) तथा शान्ति एवं द्वन्द्व व्यवस्थापनको प्राविधिक स्रोत केन्द्रको रुपमा कार्य गर्ने विषय,

९. स्थानीय शान्ति समिति,

१०. शान्ति प्रक्रिया र द्वन्द्वको संक्रमणकालीन व्यवस्थापन,

११. शान्ति तथा पुनःस्थापना सम्बन्धी परामर्श समिति,

१२. सत्य निरूपण तथा मेलमिलाप आयोग,

१३. शान्ति प्रक्रिया सम्बन्धी उच्चस्तरीय अनुगमन समिति,

१४. द्वन्द्वको कारणबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माण तथा पुनःस्थापनाको योजना तर्जुमा, कार्यान्वयन तथा क्षेत्रगत निकायसंगको समन्वय,

१५. शान्ति कोषबाट हुने योजना तथा कार्यक्रमको सञ्चालन तथा अनुगमन,

१६. विद्रोही पक्षको लडाकूको शिविर व्यवस्थापन,

नेपाल कानून आयोग

१७. शान्ति स्थापना तथा द्वन्द्व व्यवस्थापनसंग सम्बन्धित सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय संघ-संस्थाको सम्पर्क विन्दु ।

[२४]१६. **शिक्षा मन्त्रालय**

१. शिक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२. शिशु, प्राथमिक, निम्न-माध्यमिक, माध्यमिक, उच्च-माध्यमिक तथा उच्च-शिक्षा, दूर-शिक्षा, प्रौढ शिक्षा, अनौपचारिक शिक्षा, विशेष शिक्षा,

३. जनसंख्या शिक्षा र पौष्टिक आहार कार्यक्रम,

४. प्राविधिक, व्यावसायिक, नैतिक तथा शारीरिक शिक्षा,

५. शिक्षक तालिम र शैक्षिक जनशक्ति विकास नीतिको तर्जुमा तथा कार्यान्वयन,

६. शिक्षण संस्थाहरु (गुरुकुल, मदरसा, गुम्वा समेत),

७. विश्वविद्यालयहरु तथा अध्ययन संस्थान,

८. खुला प्रतियोगिताबाट मनोनयन हुने छात्रवृत्ति, विदेशमा अध्ययन अनुसन्धान गर्न जाने तथा विदेशीहरुलाई नेपालमा अध्ययन, अनुसन्धानको स्वीकृति,

९. प्राज्ञिक अनुसन्धान,

१०. पाठ्यक्रम तथा पाठ्यपुस्तक,

११. शिक्षा सम्बन्धी सर्वेक्षण, तथ्याङ्क तथा अनुसन्धान,

१२. पुस्तकालय र वाचनालयहरु,

१३. शिक्षा विषयक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, कार्यशाला, सम्मेलन तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संस्थाहरुसंग सम्पर्क तथा समन्वय,

१४. शिक्षा सम्बन्धी द्विपक्षीय र बहुपक्षीय सम्झौताहरु,

१५. जनक शिक्षा सामग्री केन्द्र,

१६. संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सास्कृतिक संघ (युनेस्को),

[२४] पहिलो संशोधनद्वारा संशोधित ।

नेपाल कानून आयोग

१७. नेपाल शिक्षा सेवा सञ्चालन ।"

**१७. श्रम तथा यातायात व्यवस्था मन्त्रालय**

१. श्रम तथा यातायात सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२. श्रमशक्ति, श्रमबजार र यातायात सम्बन्धी अध्ययन, अनुसन्धान तथ्याङ्क संकलन तथा विश्लेषण,

३. अन्तर्राष्ट्रिय श्रम संगठन तथा श्रम सम्बन्धी अन्य राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ-संस्थाहरु,

४. श्रमिक र व्यवस्थापकबीचको सम्बन्ध,

५. रोजगार सेवा तथा श्रमिक आपूर्ति,

६. वैदेशिक रोजगार,

७. व्यावसायिक तालिमको सञ्चालन, समन्वय तथा प्रवर्द्धन,

८. नाबालक, महिला, अपाङ्ग तथा बंधुवा मजदूरको सीप र तालिम,

९. ट्रेड यूनियन,

१०. श्रमिकहरुको सामाजिक सुरक्षा,

११. विदेशीहरुका लागि श्रम स्वीकृति दिने,

१२. श्रम प्रशासन तथा व्यवस्थापन,

१३. श्रमिकहरुलाई उपलब्ध गराइने बोनस,

१४. यातायात (हवाई यातायात बाहेक) तथा परिवहन सम्बन्धी व्यवस्थापन र सञ्चालन सम्बन्धी नीति, योजना तर्जुमा, कार्यान्वयन र नियमन,

१५. यातायात (हवाई यातायात बाहेक) तथा परिवहन व्यवस्थापन र सञ्चालनसंग सम्बन्धित संस्थान तथा संगठनहरु,

१६. यातायात (हवाई यातायात बाहेक) सेवा नियमन, व्यवस्थापन र सञ्चालनसंग सम्बन्धित अन्तर्राष्ट्रिय संस्था र निकायहरुसंग सम्पर्क सम्बन्धी ।

नेपाल कानून आयोग

**१८. सामान्य प्रशासन मन्त्रालय**

१. निजामती कर्मचारी प्रशासन, व्यवस्थापन तथा अभिलेख सम्बन्धी नीति, योजना र कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२. बढुवा समितिको सचिवालय,

३. सेवा, समूह, उपसमूह परिवर्तन,

४. निजामती सेवाका पदको लागि न्यूनतम शैक्षिक योग्यता निर्धारण गर्न परामर्श दिने,

५. प्रशासन सुधार,

६. प्रशासन विषयक अन्तर्राष्ट्रिय संघ-संस्था र सम्मेलन,

७. नेपाल सरकारको तालिम सम्बन्धी नीति र सर्वेक्षण,

८. नेपाल सरकारद्वारा चलाइएका विभिन्न प्रशासनिक तालिम कार्यक्रमहरुको समन्वय र मूल्याङ्कन,

९. प्रशासन सेवा सम्बन्धी देशभित्रका र बाहिरका तालिम, योजना र कार्यक्रममा स्वीकृति,

१०. प्रशासन विषयक तालिमको सञ्चालन र निजामती कर्मचारीलाई प्रदान गरिने विभिन्न तालिम कार्यक्रमको समन्वय र मूल्याङ्कन,

११. तलब र अन्य सुविधा विषयक नीति र सिद्धान्तमा परामर्श दिने,

१२. लोक सेवा आयोग,

१३. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान,

१४. निजामती अस्पताल,

१५. निजामती कर्मचारीलाई एक मन्त्रालय वा अन्तर्गतबाट अर्को मन्त्रालय वा अन्तर्गत सरुवा,

१६. निजामती सेवामा रहने पदहरुको दरबन्दी सृजना,

१७. निजामती सेवा अन्तर्गतका विभिन्न सेवाहरुको बीच समन्वय,

नेपाल कानून आयोग

१८. व्यवस्थापकीय परीक्षण,

१९. कर्मचारी सम्बद्ध संघ, संस्था,

२०. निजामती किताबखाना,

२१. निजामती कर्मचारीको कल्याण,

२२. नेपाल प्रशासन सेवा तथा नेपाल विविध सेवाका विभिन्न समूह, उपसमूहको सेवा सञ्चालन ।

[२५]**१८क. सिँचाई मन्त्रालय**

१ सिँचाई क्षेत्रको विकास, संरक्षण, व्यवस्थापन तथा नियन्त्रण र उपयोग एवं विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२ सिँचाई र यसको उपयोगसम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण तथा कार्यान्वयन,

३ सिँचाईसम्बन्धी बहुमुखी योजनाहरूको निर्माण, सञ्चालन तथा सम्भार र प्रवर्द्धन,

४ सिँचाईसम्बन्धी जनशक्तिको विकास,

५ बाढी र नदी नियन्त्रण,

६ सिँचाई विकाससम्बन्धी अध्ययन, अनुसन्धान, आयोजनाको सम्भाव्यता अध्ययन,निर्माण सञ्चालन, सम्भार र विकास,

७ सिँचाई विकासमा निजी क्षेत्रको प्रवर्द्धन,

८ जलस्रोत विषयको अध्ययन, अनुसन्धान तथा कार्यान्वयन,

९ भूमिगत जलस्रोत,

१० सिंचाइ आयोजनाहरूको निर्माण, संरक्षण र सिंचाइ सुविधाको समुचित प्रयोग (फार्म सिंचाइ र साना सिंचाइसम्बन्धी कार्यक्रमहरू समेत),

११ सिँचाई र त्यसको उपयोगसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यशाला, गोष्ठी तथा सम्पर्क,

---

[२५] दोस्रो संशोधनद्वारा थप ।

नेपाल कानून आयोग

१२ सिँचाई र त्यसको उपयोगसम्बन्धी द्विपक्षीय वा बहुपक्षीय वार्ता, सन्धि सम्झौता,

१३ सिँचाईसँग सम्बन्धित निकायहरूसँग समन्वय गर्ने,

१४ पानीपोत,

१५ जल उत्पन्न प्रकोप व्यवस्थापन तथा नियन्त्रण,

१६ जल उत्पन्न प्रकोपसम्बन्धी विषयको अध्ययन, अनुसन्धान तथा कार्यान्वयन,

१७ जल उत्पन्न प्रकोप नियन्त्रणसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

१८ जल उत्पन्न प्रकोपसम्बन्धी विषयमा अन्तर्राष्ट्रिय प्रतिनिधित्व,

१९ नेपाल इन्जिनियरिङ्ग सेवा अन्तर्गत देहायका समूह, उपसमूहको सेवा सञ्चालनसम्बन्धीः-

(क) मेटेरियोलजी समूह,

(ख) इरिगेशन उपसमूह ।"

**१९. सूचना तथा सञ्चार मन्त्रालय**

१. सूचना तथा सञ्चार सम्बन्धी नीति, योजना र कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२. प्रेस तथा सूचना र सुरक्षण मुद्रण,

३. हुलाक सेवाको सञ्चालन, विकास र प्रवर्द्धन,

४. कुरियर सेवाको सुपरिवेक्षण, नियमन, नियन्त्रण,

५. पत्रपत्रिकाको विकास तथा प्रकाशन,

६. सूचना, प्रचार तथा प्रसार,

७. रेडियो तथा टेलिभिजन प्रसारण,

८. चलचित्र विकास,

९. दूरसञ्चार,

नेपाल कानून आयोग

[26]९क. सूचना प्रविधिको विकास तथा विस्तार,

[27]९ख. सूचना प्रविधि सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था,

१०. फ्रिक्वेन्सी वितरण, व्यवस्थापन तथा अनुगमन,

११. नेपाल दूर सञ्चार प्राधिकरण, नेपाल टेलिकम, गोरखापत्र संस्थान, चलचित्र विकास बोर्ड, रेडियो प्रसार सेवा विकास समिति, राष्ट्रिय समाचार समिति तथा नेपाल टेलिभिजन,

१२. प्रेस काउन्सिल,

१३. सञ्चार विषयक अन्तर्राष्ट्रिय संघ-संस्थाहरुसंगको सम्पर्क सम्बन्धी ।

**[28]२०. संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय**

१ संघीय शासन प्रणाली,

२ समावेशी लोकतन्त्र,

३ व्यवस्थापिका-संसद वा संविधान सभाको आह्वान, अन्त्य, विघटन,

४ व्यवस्थापिका-संसद वा संविधान सभासम्बन्धी नीति, योजना र कार्यक्रमको तर्जुमा एवं कार्यान्वयन,

५ व्यवस्थापिका-संसद, संविधान सभा, व्यवस्थापिका-संसद सचिवालय तथा सोसम्बन्धी सेवाका कर्मचारीको सेवा सञ्चालन,

६ व्यवस्थापिका-संसद वा संविधान सभाका पदाधिकारीहरूको पारिश्रमिक तथा सुविधा,

७ व्यवस्थापिका-संसदका पदाधिकारीहरूको गोष्ठी, सम्मेलन, अध्ययन भ्रमण आदि,

८ अन्तर-व्यवस्थापिका संघ (आई.पी.यू.),

९ सरकारी विधेयक तथा गैरसरकारी विधेयक,

१० सरकारी आश्वासन तथा सङ्कल्पहरूको कार्यान्वयन,

---

[26] पहिलो संशोधनद्वारा थप ।

[27] पहिलो संशोधनद्वारा थप ।

[28] दोस्रो संशोधनद्वारा संशोधित ।

नेपाल कानून आयोग

११ संस्कृतिसम्बन्धी नीति, योजना र कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

१२ संस्कृति प्रवर्द्धन एवं संरक्षण,

१३ संस्कृति क्षेत्रसँग सम्बन्धित तालिमको नीति निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

१४ संस्कृतिसम्बद्ध अन्तर्राष्ट्रिय संस्थाहरूसितको सम्पर्क, सहयोग र समन्वय,

१५ संस्कृति विषयक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, कार्यशाला र सम्मेलन,

१६ पुरातात्विक महत्वका स्मारकहरू र पुरातात्विक वस्तुहरूको संग्रह, संरक्षण र संवर्द्धन तथा पुरातात्विक अन्वेषण र उत्खनन कार्य,

१७ निकासी गरिने पुरातात्विक सामानहरूको जाँच र अनुमति,

१८ संग्रहालय र अभिलेखालयहरू,

१९ प्रतिलिपि अधिकार,

२० सांस्कृतिक सम्पदा, धरोहरहरूको संरक्षण र संवर्द्धन,

२१ संस्कृति विषयक अन्तर्राष्ट्रिय सम्झौता, साँस्कृतिक आदान-प्रदान तथा अध्ययन, अनुसन्धान,

२२ नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रतिष्ठान तथा नेपाल सङ्गीत तथा नाट्यकला प्रतिष्ठान,

२३ पशुपति क्षेत्र विकास कोष, लुम्बिनी विकास कोष, बृहत्तर जनकपुरक्षेत्र विकास समिति, सांस्कृतिक संस्थान र अन्य सांस्कृतिक, धार्मिक, पुरातात्विक, संस्था एवं समितिहरू,

२४ विभिन्न धर्म, जात, जाति, सम्प्रदाय, भाषा, भाषिकाहरूको साहित्य, लिपि, कला र संस्कृतिको संरक्षण तथा विकास ।"

**२१. स्थानीय विकास मन्त्रालय**

नेपाल कानून आयोग

१. स्थानीय स्वायत्त शासन, स्थानीय विकास, दुर्गम क्षेत्र विकास, ग्रामीण विकास एवं सामुदायिक विकास एवं स्थानीयस्तरको खानेपानी, ढल निकास तथा सरसफाइ सम्बन्धी नीति, योजना र कार्यक्रमको तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२. स्थानीय स्वायत्त शासन, स्थानीय विकास, दुर्गम क्षेत्र विकास, ग्रामीण विकास एवं सामुदायिक विकास एवं स्थानीयस्तरको खानेपानी, ढल निकास तथा सरसफाइ सम्बद्ध तालिम, अनुसन्धान एवं अन्वेषण,

३. विकास क्षेत्र, अञ्चल, जिल्ला गाउं विकास समिति, नगरपालिका र जिल्लाको सीमांकन,

४. स्थानीय विकास कार्यक्रमहरुबीच समन्वय,

५. स्थानीय जनशक्ति र जनसहयोग परिचालन,

६. स्थानीय विकास सम्बद्ध अन्तर्राष्ट्रिय सम्मेलन तथा सम्पर्क,

७. स्थानीय स्तरका हाट, बजार, मेला,

८. स्थानीय निकायहरुबीच समन्वय र सम्पर्क,

९. जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटनाको दर्ताको प्रशासन,

१०. एकीकृत ग्रामीण विकास,

११. विकेन्द्रीकरण तथा निक्षेपण सम्बन्धी नीति निर्माण, कार्यान्वयन तथा अनुगमन,

१२. स्थानीय प्रविधिको पहिचान तथा प्रवर्द्धन,

१३. स्थानीय तहका सडक (कृषि सडक समेत),

१४. घोडेटो बाटो र झोलुङ्गे पुल,

१५. जनजाति, आदिवासी र दलित विकास,

१६. स्थानीय विकास,

१७. जेष्ठ नागरिक,

१८. ग्रामीण विकास तथा स्थानीय विकास सम्बन्धी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्था ।

नेपाल कानून आयोग

२२. **स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

१. स्वास्थ्य तथा जनसंख्या सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२. जनस्वास्थ्य तथा सार्वजनिक स्वास्थ्यसेवाको विस्तार, अनुसन्धान, योजना र विकास,

३. एलोप्याथिक, आयुर्वेदिक, होमियोप्याथिक र यूनानी आदि चिकित्सा प्रणालीको विषयमा प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पुनःस्थापन, अनुसन्धान तथा विकास,

४. स्वास्थ्य तालिम,

५. स्वास्थ्य सेवा सम्बद्ध गैरसरकारी संस्थाहरु,

६. औषधिको अनुसन्धान, उत्पादन, गुणस्तर निर्धारण, मूल्य नियन्त्रण तथा विक्री वितरण र औषधि वा औषधि उत्पादनमा लागू पदार्थहरुको अनुचित प्रयोग वा दुरुपयोग हुन नदिई असुरक्षित तथा न्यून गुणस्तरका औषधिको उत्पादन, बिक्री वितरण, निकासी, पैठारी, संचय र सेवन नियन्त्रण,

७. स्वास्थ्य विषयक अन्तर्राष्ट्रिय संस्थाहरुसंग सम्पर्क तथा अन्तर्राष्ट्रिय एवं क्षेत्रीय सम्मेलन, गोष्ठी आदि,

८. परिवार नियोजन तथा मातृशिशु कल्याण योजना र जनसंख्या व्यवस्थापन,

९. स्वास्थ्य र पोषण शिक्षा,

१०. विश्व स्वास्थ्य संगठन,

११. चिकित्सा तथा स्वास्थ्यसंग सम्बन्धित परिषद्, प्रतिष्ठान तथा अन्य संस्थाहरु,

१२. नर्सिङ्ग होम,

१३. नेपाल स्वास्थ्य सेवा र सो अन्तर्गतका विभिन्न समूह, उप-समूहको सेवा सञ्चालन सम्बन्धी ।

१४. जनसंख्या नीति, योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयन,

१५. जनसंख्या विषयको अध्ययन तथा अनुसन्धान, सर्वेक्षण, तालिम र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन आदि,

१६. जनसंख्या सम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसितको सम्पर्क, समन्वय,

नेपाल कानून आयोग

१७. जनसंख्या विषयक प्रकाशन एवं प्रचार प्रसार,

१८. बसाइसराइ नीति, योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयन,

१९. सरकारी तथा गैरसरकारी संघ सस्थाहरुद्वारा कार्यान्वयन गरिएका जनसंख्या विषयक कार्यक्रमहरुको मूल्यांकन र समीक्षा,

२०. स्वास्थ्य तथा जनसंख्या क्षेत्रको जनशक्ति विकास र उपयोग ।

नेपाल कानून आयोग